**बैठक संख्या ०३ (२०८१/८२)**

क. मिति २०८१/०६/१८ गते शुक्रबार

ख. बिहानः- ७:३० बजे।

---

**क. प्रस्तावहरुः-**

१. आ.व २०८०/८१ का कार्यपालिकाका निर्णयको समीक्षा सम्बन्धमा।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सुझावहरुको कार्यान्वयन सम्बन्धमा।

३. चालु आ.ब मा हाल सम्म सम्पन्न भएका योजनाहरुको फरफारक सम्बन्धमा।

**ख. निर्णयहरुः-**

**निर्णय नः १**

आ.व २०८०/८१ मा कार्यपालिकाबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको सम्बन्धमा अध्ययन तथा गहन छलफल गर्दा कार्यापालिकाले गरेका अधिकासं निर्णयहरु कार्यान्वयन भएको देखियो आगामी दिनमा समेत कार्यपालिकाको निर्णयहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्दै जाने निर्णय गरीयो।

**निर्णय नः २**

विभिन्न मितिमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट परिपत्रमार्फत प्राप्त भएका सुझावहरुको अध्ययन गरी नगरपालिकाले आफ्नो कार्यसम्पादन गर्दा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सुझावहरुलाई कार्यान्वयन गर्दै जाने निर्णय गरियो।

**निर्णय नः ३**

चालु आर्थिक वर्षमा कार्यपालिकाको यस बैठकको मितिसम्म कार्यसम्पन्न भई नगरपालिकाको अनुगमन तथा मूल्याङ्कन समितिबाट अनुगमन तथा मूल्याङ्कन समेत सम्पन्न भएका योजनाहरु फरफारक गर्ने निर्णय गरियो।

शशी कुमार खतिवडा
नगर प्रमुख

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश
२०७३